बैठक संख्या: २३।२०८१
बैठक मिति:२०८१।०८।०७ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८१।०८।०७ गते शुक्रबार दिउँसो २:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उप प्रमुख | |
| ३ | श्री रामभरोसी रैनियार | का.वा. वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री रतन लाल चौधरी | का.वा. वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री सीता ढुंगेल फुयाल | का.वा. वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री शिव शंकर राजधामी | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री केशव गौतम | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री प्रमोद कुमार चौधरी | प्रमुख प्रशासकीय अधिकृत | |



CamScanner

बैठक संख्या: २३।२०८१
बैठक मितिः२०८१।०८।०७ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

| अन्य उपस्थितिः कर्मचारी | | | |
|---|---|---|---|
| १ | श्री सरोज कोईराला | सूचना प्रविधि अधिकृत | (हस्ताक्षर) |
| २ | श्री पर्शुराम लुइटेल | नगर प्रमुख सचिवालय | (हस्ताक्षर) |
| ३ | किरण कुमार चौधरी | का.स | (हस्ताक्षर) |
| ४. | | | |
| ५. | | | |

प्रस्तावहरु,

१. प्रस्ताव नं. १ : पूर्व कर्मचारी हर्षलाल चौधरीको औषधी उपचार सम्बन्धमा ।

२. प्रस्ताव नं. २ : विविध ।

निर्णयहरु

निर्णय नं.१

रामधुनी नगरपालिकाका पूर्व कर्मचारी हर्षलाल चौधरी सिकिस्त बिरामी भइ विगत २ महिना देखी वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिस्ठान धरान सुनसरी मा उपचाररत रहि निजको स्वास्थ्य अवस्था झन विग्रीदैं गएकोले निजलाई चिकित्शकको सल्लाह बमोजिम अन्यत्र उपचारको लागी सिफारिस गरिएको हुदा निज हर्षलाल चौधरीलाई आर्थिक सहयोग वापत रकम रू.१,००,०००(अक्षरेपी एक लाख मात्र) औषधी उपचार शीर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं.२(क)

रामधुनी नगरपालिका अन्तर्गत रहेका सवै वडा कार्यालय वाट प्राप्त पत्र बमोजिम नगरपालिका र नकरपालिका मातहतका वडाकार्यालय बाट प्रवाह हुदै आएका सम्पुर्ण सिफारिसहरु हाल सम्म अनलाइन प्रणालीवाट संचालन नरहेको र अङग्रेजी र नेपाली सिफारिसहरुमा एकरूपता, शुद्धता र सहजता नभएको हुँदा सो प्रकारका सिफारिस सिस्टम आवश्यक भएको हुँदा उक्त परामर्श सेवा अन्तर्गतको सिफारिस सिस्टम सञ्चालन का लागि आवश्यक बजेट सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च शिर्षक बाट कट्टा हुने गरि र सो परामर्श सेवाको लागत अनुमान तयार गरि खरिद गर्ने निर्णय गरियो ।

CamScanner

बैठक संख्या: २३।२०८१
बैठक मिति:२०८१।०८।०७ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.२(ख)**

रामधुनी नगरपालिका अन्तर्गतका वडा कार्यालयहरु बाट माग भई आएका योजना, कार्यक्रम तथा आर्थिक सहायता सम्बन्धी सिफारिस उक्त वडाको बजेट शीर्षकवाट भुक्तानी दिने गर्ने निर्णय गरियो।

**निर्णय नं.२(ग)**

श्री नवदुर्गा साँस्कृतिक समूह रामधुनी न.पा. ३ को च.न २४ मिति २०८१।०७।१२ गतेको प्राप्त पत्रानुसार रामधुनी न.पा. वडा नं. ३ मा रहेको नवदुर्गा साँस्कृतिक समूहले मिति २०८१।०७।१२ गते गरेको वडा दशैं तिहार तथा छठ पर्वको सुभकामना आदान प्रदान तथा चियापान कार्यक्रमका लागि आर्थिक सहयोग बापत रु.१०,००० (अक्षरेपी दश हजरा मात्र) विविध शीर्षक बाट सहयोग गर्ने निर्णय गरियो।

**निर्णय नं. २(घ)**

रामधुनी न.पा. २ को च.न ५६३ मिति २०८१।०८।०४ गतेको प्राप्त पत्रानुसार रामधुनी न.पा. वडा नं. २ मा बस्ने रन्जु कुमारी चौधरीले राष्ट्रिय खेलकुदमा पटक-पटक भाग लिई उत्कृष्ट स्थान हासिल गर्दै आएको र खेलकुदमा भाग लिन जानु पर्ने भएकोले उक्त कार्यका लागि आर्थिक सहयोग वापत रु.१०००० ( अक्षरेपी दश हजार मात्र) शीर्षक बाट सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २(ङ)**

रामधुनी न.पा. १ को च.न ६५१ मिति २०८१।०८।०२ गतेको प्राप्त पत्रानुसार रामधुनी न.पा. को आ.व २०८१।०८२ को नगरसभावाट पारित योजना "सेल्फी पुलको निर्माण तथा मर्मत वडा नं. १" को लागि विनियोजित बजेट रु. ३,००,०००।- अपुग हुने भएकोले थप रकम रू ४७,२७२.६७।- र चतरा नहरको पुलमा रङरोगन का लागि लाग्ने रकम रु ४२,५२५.३७ गरि जम्मा आउने रू ८९,७९८.०४ लागत इस्टिमेट अनुसार मर्मत संभार शीर्षक बाट भुक्तानी दिने निर्णय गरियो।

बैठक संख्या: २३।२०८१
बैठक मिति:२०८१।०८।०७ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं. २(च)**

स्थानिय विकास प्रशिक्षण प्रतिष्ठान जावलाखेल, ललितपुर को च.न २५७ मिति २०८१।०७।२६ गतेको प्राप्त पत्रानुसार उक्त प्रतिष्ठानको आयोजना र विराटनगर महानगरपालिकाको समन्वयमा मिति २०८१ कार्तिक २५ गते देखि ३० गते सम्म भएको कार्यालय सञ्चालन तथा व्यवस्थापन विषयक सेवाकालीन प्रशिक्षणमा यस रामधुनी नगरपालिकाबाट सिफारिस भै जानु भएका ४ जना कर्मचारीहरू सहभागिता जनाई उक्त सहभागिता बापत लाग्ने प्रतिव्यक्ति शुल्क रू ३७,९९०(अक्षरेपी सैतिस हजार नै सय नब्बे रुपैया मात्र) का दरले जम्मा रू १,५१,९६० (अक्षरेपी एक लाख एकाउन्न हजार नै सय साठ्ठी रूपैंया मात्र) कर्मचारी तालिम शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २(छ)**

रामधुनी न.पा. ३ को च.न ८९४ मिति २०८१।०८।०२ गतेको प्राप्त पत्रानुसार रामधुनी न.पा. वडा नं. ३ अन्तर्गत रहेको छठ सेवा समितिले २०८१ सालको छठ पूजामा त्यस छठ सेवा समितिको अध्यक्ष श्री सत्य नारायण शर्मा‌ले टेण्ट र साउण्ड सिस्टमहरुको व्यवस्थापन गरेको र उक्त व्यवस्थापन बापत को रकम रू १०,००० (अक्षरेपी दश हजार मात्र) विविध शीर्षक वाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २(ज)**

रामधुनी न.पा. ३ को च.न ८८१ मिति २०८१।०७।२९ गतेको प्राप्त पत्रानुसार रामधुनी न.पा. वडा नं. ३ अन्तर्गत रहेको श्री सिंगिया खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष श्री शैलेन्द्र कुमार राई, सो समितिका पदाधिकारीहरु साथै रामधुनी न.पा. वडा नं. ३ का जनप्रतिनिधिहरू मिति २०८१।०४।२५ गते झुम्का खानेपानी, भरौल खानेपानी र चतरा खानेपानी संस्थाहरूमा अध्ययन तथा अनुगमन भ्रमण गरिएको र सो भ्रमण बापत को रकम रु २७,८६०(अक्षरेपी सत्ताईस हजार आठ सय साठी रुपैंया मात्र) विविध शीर्षक बाट भुक्तानी गर्ने निर्णय गरियो ।

बैठक संख्या: २३।२०८१
बैठक मिति:२०८१।०८।०७ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं. २(झ)**

रामधुनी न.पा. ३ को च.न ८७९ मिति २०८१।०७।२९ गतेको प्राप्त पत्रानुसार रामधुनी न.पा. अन्तर्गत रहेको प्रस्तावित ईलाका प्रहरी कार्यालयमा कार्यरत प्र.स.ह श्री राज कुमार कट्वालको २०८१ सालको छठ पर्व पूजामा झडप हुँदा शान्ति सुरक्षा दिने क्रममा निज राज कुमार कट्वालको हात भाचिएको र थप उपचारका गर्नु पर्ने भएकोले निज लाई आर्थिक सहयोग वापतको रकम रु १०,००० (अक्षरेपी दस हजार मात्र) औषधि उपचार शीर्षक बाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २(ञ)**

रामधुनी नगरपालिकाको वडा नं. ७ को च.न ५२७ मिति २०८१।०६।०६ गतेको प्राप्त पत्रानुसार रामधुनी नगरपालिका वडा नं. ७ वस्ने गणेश प्रसाद सिमालको घरमा मिति २०८१।०६।०३ गते अन्दाजी राती १२:३० बजेको समयमा जङ्गली हात्तीले घर भित्र रहेको अन्नपपात खाई घर समते क्षति भएको इलाका प्रहरी कार्यालय पकली सुनसरीको संलग्न स्थलगत सर्जमिन मुचुल्काको आधारमा निजलाई बिपत ब्यवस्थापन शिर्षक बाट आर्थिक सहयोग बापत रु.१०,००० । ( अक्षरेपी दश हजार मात्र) सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २(ट)**

रामधुनी नगरपालिकाको वडा नं. ७ को च.न ५१५ मिति २०८१।०६।०४ गतेको प्राप्त पत्रानुसार रामधुनी नगरपालिका वडा नं. ७ वस्ने सेर बहादुर भुजेलको घरमा मिति २०८१।०६।०३ गते अन्दाजी राती १२:०० बजेको समयमा जङ्गली हात्तीले घर भित्र रहेको अन्नपपात खाई घर समते क्षति भएको इलाका प्रहरी कार्यालय पकली सुनसरीको संलग्न स्थलगत सर्जमिन मुचुल्काको आधारमा निजलाई बिपत ब्यवस्थापन शिर्षक बाट आर्थिक सहयोग बापत रु.२०,००० । ( अक्षरेपी विस हजार मात्र) सहयोग गर्ने निर्णय गरियो ।

बैठक संख्या: २३।२०८१
बैठक मिति:२०८१।०८।०७ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं. २(ठ)**

रामधुनी नगरपालिका वडा नं. ५ झुम्का बजार क्षेत्र भित्र झुम्केश्वर मन्दिरको माताहतमा रहेको चतरा बस स्टेन्ड तर्फ मिति २०८१।०२।११ सम्ममा खाली गर्ने भनिएको निर्णय हाल सम्म समेत कार्यान्वयन नभएकोहो हुँदा मिति २०८१।०८।१० गते सोमबार अन्तिम २४ घण्टे सूचना दिने निर्णय गरियो ।

**निर्णय नं. २(ड)**

रामधुनी न.पा. ९ को च.न ६५९ मिति २०८१।०८।०४ गतेको प्राप्त पत्रानुसार रामधुनी न.पा. वडा नं. ७ बस्ने वागो देवी चौधरीको श्रीमान किसन चौधरी विगत ६ वर्ष देखि छाती तथा उच्च सक्तचाप, मधुमेहको विरामी भएको हुँदा निज लाई आर्थिक सहयोग वापतको रकम रु १०,००० (अक्षरेपी दस हजार मात्र) औषधि उपचार शीर्षक बाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २(ढ)**

रामधुनी न.पा. वडा नं. ६ मा पर्ने श्री पंचायत आ.वि., इचोल को कम्पाउन्ड वालको लागत अनुमान स्वीकृत गरि मर्मत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २(ण)**

लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान तदनुसार २०८१ मंसिर १० गते देखि २९ गते सम्म हुन गईरहेको कार्यक्रममा रामधुनी न.पा. अन्तर्गत सो अभियान संञ्चालन गर्र रू २५,०००(अक्षरेपी पचीस हजार मात्र) महिला तथा बालवालिका कार्यक्रम शीर्षबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २(ण)**

रामधुनी नगरपालिका स्तरिय पालिका गान लाई संगित बद्ध गर्न रू २५,०००(अक्षरेपी पचीस हजार मात्र) शिक्षा तथा खेलकुद शीर्षकमा रहेको रकम बाट शिक्षा तथा खेलकुद शाखा मार्फत रेकर्डिङ सेन्टर लाई भुक्तानी गर्ने निर्णय गरियो ।

बैठक संख्या: २३।२०८१
बैठक मिति:२०८१।०८।०७ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं. २(त)**

रामधुनी नगरपालिका तथा वडाबाट बाटो मर्मत संभार गर्दा प्राविधिक लागत अनुमान स्वीकृत गरी मात्र मर्मत संभार गर्ने साथै न.पा. ले ढुंङ्गा,गिट्टी,बालुवा को सार्वजनिक सूचना आवहान गरी ठेक्का लगाउने निर्णय गरियो ।

**निर्णय नं. २(थ)**

रामधुनी नगरपालिका अन्तर्गत ग्रामिण क्षेत्रमा सार्वजनिक सडकमा निर्माण सामग्री , गाई वस्तु लगायतका चौपाया वस्तुहरू व्यवस्थित गर्न सार्वजनिक सूचना जारी गर्ने निर्णय गरियो।